गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**वर्षः ३ | अंकः २७ | महिनाः २७ | चैत्र २०८१**

## *जैमिनी नगरपालिका वडा नं ४ मा पूर्ण संस्थागत सुत्केरी तथा पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न*

जैमिनी नगरपालिकाको वडा नं ४ लाइ पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोप वडा घोषणा गरिएको छ। पूर्ण संस्थागत सुत्केरी तथा पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रममा, वडा खोप समन्वय समिति एवं स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष श्री चक्र ब. थापाले अध्यक्षता ग्रहण गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा माननीय प्रदेश स्वास्थ्य मन्त्रि श्री कृष्ण प्रसाद पाठकज्यू रहनुभएको थियो। विशिस्ट अतिथिको रुपमा जैमिनी नगरपालिकाका नगरप्रमुख आदरणीय श्री नर ब. पुन ज्यु, नगर उपप्रमुख आदरणीय श्री हरिहर शर्मा ज्यु, प्रमुख प्रशासकीय अधिकृत श्रीकृष्ण पौडेलज्यू, प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख श्री घनश्याम सापकोटाज्यू एवं खोप सुपरभाइजर श्री राजु खत्री ज्यूको उपस्थिति रहेको थियो। करिब १५० जना सहभागीको उपस्थितिमा गरिएको उक्त घोषणा कार्यक्रममा रास्ट्रिय खोप कार्यक्र, खोपको महत्व, एवं संस्थागत सुत्केरीले आमा तथा बच्चाको स्वास्थ्यमा पार्ने सकारात्मक असरको बारेमा प्रकाश गर्दै हरेक आमालाई समयमै गर्भ जांच गर्न, संस्थागत सुत्केरी गराउन एवं बच्चा जन्मिसके पछि खोप तालिका अनुसारको सम्पूर्ण खोप समयमै लगाउन आह्वान गरिएको थियो।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समुदायस्तरको मासिक सेवा अभिलेख र प्रतिवेदन, स्वास्थ्यकर्मीबाट भएको घरधुरी सर्वेक्षणबाट प्राप्त प्रतिवेदन, गत ३ आ.व. को स्वास्थ्य संस्थाको मासिक प्रगति प्रतिवेदन, घरमा सुत्केरी भए/ नभएको जानकारीका लागि सार्वजनिक सुचना र समुदायका सरोकारवालाहरुको घरमा सुत्केरी नभएको प्रमाणित व्यहोराको मुचुल्का, घरमा सुत्केरी भए/ नभएको प्रमाणीकरणको लागि नगरपालिकाबाट भएको अनुगमन मूल्यांकनको प्रतिवेदनको आधारमा जैमिनी नगरापलिका वडा नं ४ लाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको हो।

यसका साथै हरेक वर्ष गरिने पूर्ण खोप वडा घोषणालाइ निरन्तरता दिंदै यस वर्ष पनि निरन्तरता दिइएको छ। पूर्ण खोप घोषणाका लागि गरिने सम्पूर्ण प्रक्रिया पुरा गरी सो घोषणा गरिएको हो। हाल पूर्ण खोप सुनिश्चितताको लागि १६ महिना देखि ५९ महिना सम्म उमेरका बालबालिकाहरुमा खोप अवस्थाको पहिचान र विश्लेषण गरिन्छ ।




"सुरक्षित मातृत्व कार्यक्रम संचालन, पूर्ण संस्थागत सुत्केरी हाम्रो अभियान"
"स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता-हाम्रो प्रतिवद्धता"
पूर्ण संस्थागत सुत्केरी वडा अभियान
तथा
पूर्णखोप वडा सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम
मिति : २०८१ चैत्र ३१ गते
स्थान : सर्कुवा स्वास्थ्य चौकी, जैमिनी न.पा.-४, बागलुङ
आयोजक
सर्कुवा स्वास्थ्य चौकी
वडा खोप समन्वय समिति




पूर्ण संस्थागत सुत्केरी वडा अभियान
तथा
पूर्णखोप वडा सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम
श्री बागलुङ नेपाल


पूर्ण संस्थागत सुत्केरी वडा अभियान
तथा
पूर्णखोप वडा सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम


पूर्ण संस्थागत सुत्केरी वडा अभियान
तथा
पूर्णखोप वडा सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम





# बडीगाड गाउँपालिकामा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिंग कार्यक्रम सम्पन्न

बडिगाड गाउँपालिकाको आयोजना तथा कल्प इम्पावर वेमेन नेपालको प्राविधिक सहयोगमा बडिगाड गाउँपालिका वडा नं ५ ग्वालिचौर स्वास्थ्य चौकीमा चैत्र २६ गतेका दिन पाठेघरको मुखको क्यान्सर रोगको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । २ दिन सम्म संचालन स्वास्थ्य शिविरमा ३७७ जनाको स्वास्थ्य परिक्षण गरिएको थियो । जसमा पाठेघरको मुखको क्यान्सर रोगको परिक्षण (VIA) ३२३ जनामा गरिएको मध्ये ११ जनामा Reactive देखिएकोले थप परिक्षण र उपचारको लागी परामर्श गरि प्रेषण गरिएको छ । उक्त २ दिने स्वास्थ्य शिविरमा ३४२ जनामा उच्चरक्तचाप र मधुमेह को पनि जाँच गरिएको थियो ।















## *प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको झलक*

### नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवं तमानखोला गाउँपालिकाको समन्वयमा नीति २०८१/१२/२ र ३ गते संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि सम्पन्न भएको छ । गत आर्थिक वर्षमा गरीएका खोप कार्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गर्दै आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना तयारी तथा अध्यावधिक गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र सबै बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसारको सम्पूर्ण खोप दिलाई पूर्ण खोप सुनिश्चतता दिगोपना घोषणा गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।






तमानखोला गाउँपालिकाका अध्यक्ष आदरणीय श्री जोकलाल बूढाज्यूको अध्यक्षता एवं गाउँपालिका उपाध्यक्ष श्री हिरा कुमारी छन्त्यालज्यूको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको संचालन तमानखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री तिल बहादुर छन्त्यालले गर्नुभएको थियो भने तमानखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अमित परियारले स्वागत मन्तव्य राख्नुभएको थियो । प्रादेशिक स्वास्थ्य निर्देशनालयका खोप अधिकृत श्री एकनारायण



लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे र खोप सुपरभाइजर श्री राजु खत्रीले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा तमानखोला गाउँपालिकाका खोप समन्वय समिति एवं सरोकारवालाहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु र खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो।














*प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*

## नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी २ दिने गोष्ठि

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवं बडिगाड गाउँपालिकाको समन्वयमा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धी मिति २०८१/१२/५ तथा ६ गते दुई दिने गोष्ठि सम्पन्न भएको छ ।



गत आर्थिक वर्षमा गरीएका खोप कार्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गर्दै आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना तयारी तथा अध्यावधिक गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र सबै बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसारको सम्पूर्ण खोप दिलाई पूर्ण खोप सुनिश्चतता दिगोपना घोषणा गर्ने उदेश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो ।






प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटाज्यूको अध्यक्षता, बडिगाड गाउँपालिकाका अध्यक्ष श्री गण्डकी थापा अधिकारीज्यूको प्रमुख आतिथ्यता, उपाध्यक्ष श्री भिमसेन वनज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री मुक्ती पौडेलज्यूको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको संचालन बडिगाड गाउँपालिकाका पालिका खोप फोकल पर्सन एवं जनस्वास्थ्य निरिक्षक श्री हेम पुनले गर्नुभएको थियो ।

प्रादेशिक स्वास्थ्य निर्देशनालयका खोप अधिकृत श्री एकनारायण लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्री, WHO/IPD पोखराका Surveillance Immunization Medical Officer डा. स्मृती लामा र WaterAid Nepal का Quality Monitoring Officer श्री सम्झना पाठकले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा बडिगाड गाउँपालिकाका खोप समन्वय समिति एवं सरोकारवालाहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु र खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।
















*प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरु को केहि झलक*

## मातृ तथा पेरिनेटल मृत्यु निगरानी प्रतिकार्य समितिको बैठक



प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति र मातृ तथा पेरिनेटल मृत्यु निगरानी प्रतिकार्य समितिको बैठक सम्पन्न भएको छ । बैठक जिल्ला समन्वय समिती बागलुङका प्रमुख अमर बहादुर थापाज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । बैठकमा समितिको सम्पूर्ण सदस्यको उपस्थिति रहेको थियो भने प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद सुवेदी, धौलागिरी प्रादेशिक अस्पतालको प्रमुख मे.सु., स्त्री रोग विशेषज्ञ डाक्टर

विजय ओझाले सम्बन्धित विषयमा आफ्ना आफ्ना भनाई राख्नु भएको थियो।



बैठकमा जिल्ला समन्वय अधिकारी, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बागलुङको सभापति, बागलुङ नगरपालिका वडा नं २ का वडा अध्यक्ष, बागलुङ नगरपालिका महिला तथा बालबालिका शाखा, प्रदेश जनस्वास्थ्य कार्यालयको कर्मचारीहरु लगायतको उपस्थिती रहेको थियो। प्रजनन स्वास्थ्य सेवा संचालनमा भोगेको चुनौती, अवसर र त्यसको समाधानको उपाएको वारेमा छलफल भएको थियो भने बागलुङ जिल्लाको समग्र प्रजनन स्वास्थ्यको अवस्थाको बारेमा कार्यालयको तर्फबाट प्रस्तुतिकरण राखिएको थियो।





## *प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*

### बिश्व क्षयरोग दिवस

विश्व क्षयरोग दिवस २४ मार्च २०२५ को अवसरमा स्वास्थ्य कार्यालय बागलुङले आयोजना गरेको पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता जनस्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख घनश्याम सापोटाले गर्नु भएको कार्यक्रममा क्षयरोगको वर्तमान अवस्था, रोकथामका उपायहरू, र जनचेतना अभिवृद्धिका लागि सञ्चार माध्यमहरूको भूमिकाबारे क्षयकुष्ठ निरिक्षकले प्रस्तुतिकरण गरि क्षयरोग सम्बन्धि जनचेतना फैलाउन, नियमित स्वास्थ्य परीक्षणको महत्व उजागर गर्न र समुदायमा सकारात्मक सन्देश पुऱ्याउन सबैले आफ्नो भूमिका अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष राम थापा अविरलले आफ्ना भनाई राखि समापन भएको थियो ।














*प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*

## स्वास्थ्य कार्यक्रमको अर्धबार्षिक समीक्षा

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा २०८१/०८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमको अर्धबार्षिक समीक्षा मिति २०८१/१२/१४ सम्पन्न भएको छ। समीक्षा कार्यक्रमको उद्घाघटन सत्रको अध्यक्षता जनस्वास्थ्य कार्यालयका प्रमुख घनश्याम सापकोटा, प्रमुख अतिथि जिल्ला समन्वय समिति बागलुङको प्रमुख अमर बहादुर थापा तथा विशिस्ट अतिथि प्रादेशिक स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्का रहनु भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरिक्षक लक्ष्मि शर्माले राख्नुभएको थियो भने समीक्षाको उद्देश्यबारेमा जनस्वास्थ्य अधिकृत समिता घिमिरेले प्रकाश पार्नुभएको थियो।



कार्यक्रममा शुभकामना मन्तव्य नेपाल पत्रकार महासंघका बागलुङ शाखाको अध्यक्ष राम थापा अबिरले गर्नु भएको थियो ।






बागलुङ जिल्लाका दशवटै स्थानिय तहका स्वास्थ्य संयोजकले प्रस्तुतिकरण गर्नु भएको कार्यक्रममा धौलागिरि प्रादेशिक अस्पताल, बुर्तिवाङ अस्पताल, धौलागिरि आयुर्वेद अस्पताल, फेयरमेड फाउन्डेसन तथा NGDF, स्वास्थ्य विमा वोर्ड बागलुङको पनि प्रस्तुतिकरण रहेको थियो। समीक्षा कार्यक्रममा स्वास्थ्य निर्देशनालयका बरिष्ठ तथ्याक अधिकृत दिवाकर शर्मा र तथ्यांक अधिकृत प्रविण भन्डारीले सम्पुर्ण तथ्यांकको प्रस्तुतीकरण सहजिकरण गर्नु भएको कार्यक्रममा जनस्वास्थ्यका सम्पुर्ण कार्यक्रम, लक्ष्य ,प्रगति तथा आगामि दिनमा कार्यक्रम बजेट तथा जनस्वास्थ्यका विविध सवालमा महानिर्देशकले आफ्नो धारणा छलफल तथा निर्णयका लागि सहजिकरण गर्नु भएको थियो, बागलुङ जिल्लाको जनस्वास्थ्यको अवस्था वारेमा कार्यालयको प्रस्तुतीकरण समेत रहेको थियो । सो कार्यक्रमको संचालन जनस्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नु भएको थियो।




पृष्ठ ९











## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

### स्वास्थ्य सूचना प्रणालीको डिजिटलाइजेसन (eHMIS) सम्वन्धि २ दिने तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८१/१२/१६ गते स्वास्थ्य सूचना प्रणालीको डिजिटलाइजेसन (eHMIS) सम्वन्धि २ दिने तालिम ढोरपाटन नगरपालिकाको बुर्तिवाङ वजारमा सम्पन्न भएको छ । ताराखोला, वरेङ र तमानखोला गाउँपालिका तथा जैमिनी र ढोरपाटन नगरपालिका अन्तरगतका २९ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको तालिमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख घनश्याम सापकोटाले गर्नु भएको थियो भने बुर्तिवाङ अस्पतालका मे.सु. डा नविन्द्र ढकाल र ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत भुमिश्वर शर्मा ज्यूको आतिथ्यता रहेको कार्यक्रममा स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सहजिकरण गर्नुभएको थियो।








उक्त दुई दिनको कार्यक्रममा स्वास्थ्य सुचना प्रणालीका सेवाहरुलाइ विद्युतिय प्रणालीबाट अभिलेख तथा प्रतिवेदन गर्न सफ्टवयरको माध्यमबाट सहजिकरण गरिएको थियो र यस तालिम पश्चात् स्वास्थय संस्थाबाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन गर्न सहज हुनेछ ।

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया

मिति २०८१/१२/१८ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा निसीखोला गाउँपालिका र राजकुट स्वास्थ्य चौकीको समन्वयमा घरमा सुत्केरी हुने दर उच्च भएका स्वास्थ्य संस्था अन्तरगतका समुदायमा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवलाहरु सगँ सचेतना तथा पैरवि वैठक कार्यक्रम राजकुटको कुडुला समुदायमा सम्पन्न भएको छ ।स्वास्थ्यकर्मीको अनुपस्थितिमा घरमा सुत्केरी हुँदा आमा, बच्च्चा वा दुबैको स्वास्थ्यमा जटिलता आउने सम्भावना उच्च हुन्छ । तसर्थ घरमा सुत्केरी हुने दर न्यूनीकरण गरी संस्थागत सुत्केरीलाई अभिवृद्धि गर्न तथा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ पार्न स्थानीय तहबाट समेत यसको पैरवी हुन अपरिहार्य छ। घरमा सुत्केरी हुने दर उच्च रहेका क्षेत्रमा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरीको महत्वबारे सचेत गराउन यस कार्यक्रम संचालन गरिएको छ ।







यस कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य निरिक्षक लक्ष्मी शर्मा ज्यूले गर्नुभएको थियो । निसीखोला गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष श्री दिपक कुवर ज्यूको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रमको संचालन राजकुट स्वास्थ्य चौकी सुनिल के.सी. ज्यूले गर्नुभएको थियो जसमा स्वागत मन्तव्य निसीखोला गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत सि.अ.हे.व श्री कसिन्द्र शाहिले राख्नु भएको थियो।



कार्यक्रममा जनप्रतिनिधि,गर्भवती महिला, अविभावक र स्वास्थ्यकर्मीहरु सहित ४५ जनाको उपस्थिति रहेको थियो जसमा समापन मन्तव्य निसीखोला गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत .अ.हे.व श्री कसिन्द्र शाहि र वडा अध्यक्ष दिपक कुवँर ज्यूले राख्नु भएको थियो।

कार्यक्रम सम्पन्न पश्चात् स्वास्थ्य संस्था व्यवस्थापन समितीका सदस्य सहित अन्य सरोकारवला निकाएहरुको उपस्थितिमा सुधार विषयमा छलफल गरी कार्ययोजना बनाइएको थियो ।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

### IHMIS/DHIS2/EIMIS/LMIS तालिम

मिति २०८१/१२/२२ देखि २४ सम्म ३ दिन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा IHMIS/DHIS2/EIMIS/LMIS तालिम सम्पन्न भएको छ। उक्त तालिमको उद्घघाटन कार्यक्रमको अध्यक्षता जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटाले गर्नु भएको थियो अतिथिहरुमा प्रादेशिक स्वास्थ्य निर्देशनालयका बरिष्ठ तथ्यांक अधिकृत दिवाकर शर्मा र बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख जन स्वास्थ्य अधिकृत राम प्रसाद खनालले शुभकामना राख्नुभएको कार्यक्रममा उद्देश्य तथा स्वागत मन्तव्य देव प्रकाश घिमिरे तथा कार्यक्रमको संचालन जनस्वास्थ्य निरीक्षक लक्ष्मि शर्माले गर्नु भएको थियो। तिन दिन सम्म सन्चालन भएको तालिमको सहजिकरण वरिष्ठ तथ्यांक अधिकृत दिवाकर शर्मा र देव प्रकाश घिमिरेले गर्नु भएको थियो बागलुङका ५ वटा स्थानीय तहका २२ जना स्वास्थ्यकर्मीहरुको सहभागि थियो।










## बागलुङ जिल्लाका स्थानीय तहद्वारा चैत्र महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

### गलकोट नगरपालिका

- क्षयरोग मुक्त पालिका अभियान अन्तर्गत गल्कोट नगरपालिकाका ९ वडामा एकदिने वडा-स्तरीय सूक्ष्म योजना तथा समीक्षा गोष्ठी सम्पन्न ।
- विश्व क्षयरोग दिवसको अवसरमा गल्कोट नगरपालिका वडा नं. १ दुदिलाभाँटी स्वास्थ्य चौकीमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम ।

### बागलुङ नगरपालिकाः

- MP DSR सम्बन्धी स्वास्थ्य चौकी संस्था प्रमुखहरूलाई अभिमुखीकरण
- जेष्ठ नागरिक स्वास्थ्य शिविर।
- नसर्ने रोगको स्क्रिनिङ शिविर।
- सक्रिय क्षयरोगको खोज पड्ताल शिविर

- नसर्ने रोगहरूको प्रारम्भिक पहिचानका लागि ३० वर्षभन्दा माथिको उमेर समूहका १०८ जना नागरिकहरूको रक्त नमुना, तौल, उचाइ, बीएमआई, रक्तचाप, तथा कम्मरको मापन लगायतका स्वास्थ्य परीक्षणहरू भुजुङ्गेमा सम्पन्न गरिएको छ।
- विश्व स्वास्थ्य दिवसको अवसरमा आपसी सहकार्य, सामाजिक सद्भाव, र स्वास्थ्यकर्मीहरूबीच सकारात्मक सोचको प्रवर्द्धन गर्ने उद्देश्यले मैत्रीपूर्ण फुटबल, भलिबल, रस्साकस्सी लगायतका खेलकुद तथा दन्त स्वास्थ्य शिविर सम्पन्न ।
- गल्कोट नगरपालिका वडा नं. १० रमुवामा आयोजित नसर्ने रोग स्क्रिनिङ तथा विशेषज्ञ स्वास्थ्य शिविरबाट १५० जना नागरिकले प्रत्यक्ष लाभ लिएका छन्, जसअन्तर्गत ४० जना बिरामीहरूको दाँत निकाल्ने उपचारसमेत सम्पन्न भएको छ।
- पूर्ण खोप सुनिश्चितताको लक्ष्यसहित घरदैलो सर्वेक्षण कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ।
- विश्व मुख स्वास्थ्य दिवसको अवसरमा गल्कोट नगरपालिकाद्वारा सञ्चालन गरिएको मुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत पार्वती माध्यमिक विद्यालयमा विद्यार्थीहरूलाई कोलगेट र टुथब्रस वितरण गरी कक्षा शिक्षकहरूको निगरानीमा दैनिक दिवा खाजापछि ब्रस गर्ने बानीको विकासमा जोड दिइएको छ।
- कक्षा ६ देखि १२ सम्म अध्ययनरत किशोरीहरूका लागि रक्तअल्पता परीक्षण तथा रक्त समूह निर्धारण कार्यक्रम सञ्चालनमा ल्याइएको छ।
- क्षयरोग मुक्तपालिका अभियान सम्बन्धमा वडास्तरीय समिति गठन र अभिमुखीकरण
- क्षयरोगमुक्त पालिका अन्तर्गत सुक्ष्म योजना तर्जुमा कार्यक्रम
- किशोर किशोरी मैत्री संस्था होलसाइट अभिमुखीकरण कार्यक्रम।
- पूर्णखोपको दिगोपना सुनिश्चितताको लागि वडास्तरीय घोषणा कार्यक्रम




## काठेखोला गाउँपालिका

- पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि पूर्ण खोप सम्बन्धी घरधुरी सर्वेक्षण गरीएको
- क्षयरोग कार्यक्रमको पालिका स्तरीय अर्ध वार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न गरीएको
- विश्व मुख स्वास्थ्य दिवस २०८१ मनाइएको

## ताराखोला गाउँपालिका

- सबै वडालाई पूर्ण खोप वडा घोषणा सम्पन्न,
- नसर्ने रोग पहिचान तथा सचेतना कार्यक्रम सञ्चालन,
- PNC घरभेट कार्यक्रम,
- वृद्धि अनुगमन गरिएको,
- क्षयरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा

- "हो ! हामी अन्त्य गर्न सक्छौं, लगानीको प्रतिवद्धता र सेवा प्रवाहको सुनिश्चितता आजको आवश्यकता" ("Yes ! We Can End TB: Commit, Invest, Deliver")भन्ने नाराका विश्व क्षयरोग दिवस २०८१(World TB Day २०२५) विविध कार्यक्रम गरी मनाइएको
- RUSG कार्यक्रम संचालन गरिएको
- क्षयरोग मुक्त पालिका कार्यक्रमको वडा स्तरीय समन्वय समिति गठन तथा सुक्ष्मयोजना कार्यक्रम वडा नं १, २, ४, ५, ७ र ८ मा सम्पन्न गरीएको

## जैमिनी नगरपालिका

- जैमिनी न पा वडा न ३ नेपाने शहरी स्वास्थ्य केन्द्रमा बाल बालिकाहरुको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न
- बाल मैत्री स्थानीय शासनको नगर स्तरीय समीक्षा
- चैत्र ११ गते विभिन्न कार्यक्रमका साथ विश्व क्षयरोग दिवस मनाई सम्पन्न गरिएको
- जैमिनी ८ छिस्तीमा समुदायमा क्षयरोग सम्बन्धि अभिमुखिकरण तथा समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम संचालन
- जैमिनी ६ अर्जेवामा IMNCI को समुदायमा अभिमुखिकरण ।
- जैमिनी नगरपालिकका २,३,४,६,७,८,९ र १० वडा हरुमा वडा स्तरीय पूर्ण खोप सुनिश्चितता र दिगोपनाको धोषणा सम्पन्न ।

## बरेंग गाउँपालिका

- गँडेल र हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाईमा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण
- विश्व क्षयरोग दिवसको अवसरमा सुदाला गाउँघर क्लिनिकमा स्कृनिङ र बाटाकाचौर स्वास्थ्यचौकीमा प्लेकार्ड प्रदर्शन
- वडा न १ को हरियाली आमा समुहद्वारा गर्भवती महिलालाई पोसिलो नाङ्ग्लो वितरण
- सवै वडा खोप समन्वय समितिद्वारा पुर्णखोप सुनिश्चितता दिगोपना प्रमाणिकरण
- क्षयरोग कार्यक्रमको अर्धवार्सिक समिक्षा तथा कोहर्ट विश्लेषण

## तमानखोला गाउँपालिका

- लाम्मेला आधारभूत स्वास्थ्य सेवा केन्द्रमा एकिकृत अनुगमन
- तमानखोला आधारभूत अस्पताल मार्फत मुख स्वास्थ्य दिवशको अवसरमा समुदायमा मुख स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा तथा अन्तरकृया
- उत्तर प्रसुती घरभेट कार्यक्रमको समिक्षा तथा शुक्ष्म योजना निर्माण
- सबै वडामा वडा खोप समन्वय समितिको बैठक तथा पूर्णखोप सुनिश्चितताको लागि घरधूरी सर्बेक्षण
- पालिका स्तरमा सम्पादित कार्यक्रमहरुको दोश्रो चौमासिकमा सम्पादित कार्यक्रमहरुको चौमासिक समिक्षा
- क्षयरोग दिवशको अवसरमा समुदाय अन्तरक्रिया तथा स्कृनिङ कार्यक्रम सम्पन्न

## बडिगाड गाउॅपालिका

- क्षयरोग नियन्त्रण कार्यक्रमको अर्धवार्षिक समिक्षा गोष्ठी तथा कोहर्ट विल्लेषण कार्कक्रम सम्पन्न
- नियमित खोप तथा सरसफाई प्रवदृन कार्कक्रमको समिक्षा तथा सुक्ष्म योजना अध्यावधिक कार्कक्रम संचालन
- परिवार योजना सम्बन्धि सुक्ष्म योजना गोष्ठी सम्पन्न

पृष्ठ १४

- वडा खोप समन्वय समितिको बैठक तथा पूर्णखोप सुनिश्चितताको लागि घरधूरी सर्बेक्षण
- क्षयरोग दिवसको अवसरमा समुदाय अन्तरक्रिया तथा स्कृनिङ कार्यक्रम

- पुर्णखोप सुनिश्चितताको लागि पालिका स्तरीय नमूना सर्वेक्षण
- दोस्रो चौमासिक सार्वजनिक सुनुवाइमा स्वास्थ्य तर्फको गुनासो शुन्य
- क्षयरोग मुक्त अभियान अन्तर्गत क्षयरोगको वडा स्तरिय सुक्ष्म योजना गोष्ठी संचालन
- ग्वालिचौर स्वास्थ्य चौकीमा VIA सिविर संचालन

## ढोरपाटन नगरपालिकाः


- बाल बालिकाहरुको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न
- क्षयरोग कार्यक्रमको अर्धबार्सिक गोस्ठि
- चैत्र ११ गते क्षयरोगी बिरामिहरुलाइ सम्मान सहित विश्व क्षयरोग दिवस मनाई सम्पन्न ग
- eLMIS onsite coaching
- वोवाङमा विश्व स्वास्थ्य दिवसको अवसरमा विविध कार्यक्रम
- पुर्ण खोप सुनिश्चितताको लागि घरधुरी सम्पन्न साथै द्रुत शुलभ सर्वेक्षण।
- लक्षित समुहको निशुल्क स्वास्थ्य विमा कार्यक्रम

## निसिखोला गाउँपालिका

- पुर्ण खोप वडा घोषणा तथा प्रमाणिकरण ।
- नयाँ सामुदायिक स्वास्थ्य इकाईको लागि कर्मचारी ब्यवस्थापन ।
- क्षयरोग नियन्त्रण कार्यक्रमको अर्ध वार्षिक समीक्षा ।
- विश्व क्षयरोग दिवसको अवसरमा क्षयरोग तथा नसर्ने रोग सम्बन्धि स्कृनिङ क्याम्प सन्चालन ।
- घरमा हुने सुत्केरी न्युनिकरणका लागि स्थानीय संग पैरवि कार्यक्रम सन्चालन ।
- पोषण कर्नर र स्तनपान कक्ष स्थापना ।
- RUSG , स्वास्थ्य शिक्षा र अनुगमन सन्चालन ।

### आ.व. २०८१/०८२ कोचैत्र महिनासम्मको प्रगति विवरणः

| बजेट उपशीर्षक | खुद बजेट (रकम रु. हजारमा) | | | खर्च प्रतिशत (वित्तीय) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | |
| प्रदेश श्रोत तर्फ | २,९५,१०,००० | २०,००,००० | ३,१५,१०,००० | ४०% | २०% | ३९% | (विशेष अनुदान समेत गरी) |
| संघ सशर्त अनुदान | ३,००,३२,००० | - | ३,००,३२,३०० | २४% | - | २४% | |
| विशेष अनुदान | - | | | | | | |
| कुल जम्मा | ५,९५,४२,००० | २०,००,००० | ६,१५,४२,००० | ३२% | २०% | ३१% | |




## प्रदेश जनस्वास्थ्य कार्यालय परिवार

## बागलुङ, नेपाल